**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख ६ गते**

प्रदेश २ मा वैशाख ६ गतेसम्म कोरोना भाइरस शङ्कास्पद ५ सय ५१ जनाको गरिएको स्वाव परीक्षणमा ५ सय १२ जनाको रिपोर्ट नेगेटिभ आएको छ । ३५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । चार जनाको रिपोर्ट यसअघि नै पोजेटिभ आइसकेको छ । पोजेटिभ रिपोर्ट आएका चार जनालाई पर्साको बीरगंजस्थित नारायणी अस्पतालको आइसोलेसन वार्डमा उपचार भइरहेको छ ।

त्यसैगरी आरडिटी किटबाट परीक्षणका लागि बैशाख ६ गतेसम्म १ हजार ८ सय २२ जनाको स्याम्पल संकलनमा १ हजार ८ सय १९ जनाको रिपोर्ट निगेटिभ आएको छ भने सप्तरी जिल्लामा गरिएको परीक्षणमा दुई र सर्लाही जिल्लामा गरिएको परीक्षण एक जना गरी तीन जनाको पोजेटिभ रिपोर्ट देखाएको छ । सप्तरीका दुई जनामा कोरोना सङ्क्रमण पोजेटिभ देखिएपनि पिसिआर प्रविधिबाट गरिएको स्वाब परीक्षण रिपोर्ट भने नेगेटिभ आएको छ । सर्लाहीमा पोजेटिभ रिपोर्ट आएका ती युवाको स्वाब परीक्षणका लागि जनकपुर अस्पताल पठाइएको सर्लाहीका प्रमुख जिलला अधिकारी मोहनबहादुर जिसीले बताउनु भएको छ ।

प्रदेश २ भरिका १ सय ७१ वटा क्वारेन्टाइनको बेड क्षमता ३ हजार ६ सय ९ रहेको छ । हालसम्म १ हजार २ सय ६५ जना क्वारेन्टाइनमा रहेका छन् भने १ हजार ६ सय ७७ जना होम क्वारेन्टाइनमा रहेको स्वास्थ्य निर्देशनालयका प्रमुख डा. हरिशचन्द्र यादवले जानकारी दिनु भयो ।

प्रदेशका आठ वटै जिल्लामा २ सय २० बेड क्षमताको आइसोलेशन वार्ड निर्माण भइसकेको छ । ती मध्ये सिरहामा चार, धनुषामा चार, बारामा दुई र पर्सामा चार जना गरी प्रदेशभरिमा जम्मा १४ जना आइसोलेशन वार्डमा भर्ना भएको निर्देशनालयका बरिष्ठ प्रशासकीय अधिकृत विजय झाले जानकारी दिनु भयो ।

कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका लागि प्रदेश तथा स्थानीय सरकारले गरेका कार्यबारे अनुगमन गर्न प्रदेश २ सरकारद्वारा गठित प्रदेश स्तरीय सर्वदलीय अनुगमन समितिले बैशाख ६ गतेदेखि अनुगमन सुर गरेका छन् । टोलीमा समाजवादी पार्टीका प्रदेश सांसद तथा प्रमुख सचेतक शैलेन्द्र यादव, राजपाका सांसद तथा प्रमुख सचेतक प्रमेश्वर साह, नेकपाका सांसद रामचन्द्र मण्डल, नेपाली कांग्रेसका सांसद तथा प्रमुख सचेतक रामसरोज यादवसहित चिकित्सक समेत सामेल छन् । टोलीले प्रदेशस्तर, जिल्लास्तर र स्थानीय तहमा सञ्चालित क्वारेन्टाइन, आइसोलेशन, कोरोना विशेष अस्पतालहरूमा भएका काम कारबाही, राहत वितरण कार्य, नागरिकको जनजीवनमा परेको प्रभाव बारे अनुगमन गर्ने जनाइएको छ । अनुगमन पश्चात् प्रदेश सरकारलाई सुझाव दिइने अनुगमन समितिका सदस्य शैलेन्द्र यादवले बताउनु भयो ।

प्रदेश २ सरकारले नेपाल भारत सीमा-नाका लकडाउनका कारण शिल गरिएको अवस्थामा पनि आवागमन नरोकिएपछि आठ ओटै जिल्लाका विभिन्न नाकामा सिसिटिभी जडान गर्ने भएको छ । प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री सरोज सिंह कुशवाहाले सो जानकारी गराउँदै भन्नुभयो, 'नेपाल भारत सीमा नाकामा सिसिटिभी क्यामेरा जडानका लागि करिब ५ करोड रूपैयाँ खर्च हुने छ । सीमामा कडा निगरानीका लागि यो कदम उठाउन लागिएको हो ।' भारतसँग जोडिएको खुला सीमाका कारण भारतबाट रातिको समयमा लुकिछिपी मानिसहरू नेपाल छिर्ने गरेको र त्यसले गर्दा कोरोना सङ्क्रमण रोकथाममा झन कठिनाइ भएको भन्दै सिसिटिभी क्यामेरा अर्को विकल्पको रूपमा अघि सारिएको बताउनु भयो । यस्तै, सीमानाकामा निगरानी बढाउनका लागि सुरक्षाकर्मीलाई १ सय थान साइकल दिने तयारीमा समेत प्रदेश सरकार जुटेको मन्त्री कुशवाहाले बताउनु भयो ।

उदयपुरमा फेला परेका १२ जना कोरोना सङ्क्रमितहरुको बसाई सप्तरीको विभिन्न मस्जिदहरुमा भएको पाइएपछि बैशाख ६ गतेदेखि ती क्षेत्रहरुलाई शिल गरी आरडिटी परीक्षण सुरु गरिएको छ ।
पर्साको बीरगंज महानगरपालिकाले सुबिधा सम्पन्न कोभिड १९ अस्पताल संचालनमा ल्याउन बैशाख ६ गते बीरगंजको गण्डक अस्पतालसँग सम्झौता गरेको छ । बीरगंज महनगरपालिकाका प्रमुख बिजय कुमार सरावगी र नेकपा महानगर कमिटीका अध्यक्ष एवं गण्डक अस्पतालका संचालक रहवर अन्सारीलाई साक्षी राखेर सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौताको अबधि तीन महिनाको रहने उल्लेख छ ।
साथै, कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्ला जिल्लामा भएको प्रयास तथा लकडाउनका कारण समस्यामा परेका अतिविपन्न समुदायलाई स्थानीयत तहबाट भइरहेको राहत बितरण सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** उदयपुरमा फेला परेका १२ जना सङ्क्रमितहरुको बसाई सप्तरीको विभिन्न मस्जिदहरुमा भएको पाइएपछि बैशाख ६ गतेदेखि ती क्षेत्रहरुलाई शिल गरी आरडिटी परीक्षण सुरु गरिएको छ ।
सप्तरीको दक्षिण-पश्चिम रहेको बोदे बर्साइनदेखि उत्तर-पूर्व रहेको कञ्चनरुप र सप्तकोशी नगरपालिकाको मस्जिदहरुसम्म उहाँहरु बसेको पाइएपछि लकडाउनलाई कडा बनाइएको छ । ती क्षेत्रमा मस्जिद रहेको मुस्लिम बस्तीका सबै जनाको आरडिटी परीक्षण गर्न सुरु गरिएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।
सप्तकोशी नपा-१ का ७४ जना बैशाख ६ गते आरडिटी परीक्षण गरिएको र बैशाख ७ गतेदेखि वडा नम्बर २ र ४ का करिब २ सय ८३ जनाको परीक्षण गरिने स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले बताउनु भयो । परीक्षण गरिएका एक जनाको सङ्क्रमण अवस्था शङ्कास्पद भएकाले पुनः परीक्षणका लागि राति राजविराज ल्याइएको छ ।
उदयपुरको त्रियुगा नपा-३ भुल्केस्थित मस्जिदमा फेला परेका कोरोना सङ्क्रमितहरु सप्तरीको सप्तकोशी नपा-१ को मस्जिदमा बस्नु अघि कञ्चनरुप नपा-१ बैरवाको मस्जिदमा बसेको पाइएको छ । सो ठाउँमा समेत लकडाउनलाई कडा पार्दै सङ्क्रमितहरुसँग सम्पर्कमा आउन सक्ने व्यक्तिहरुको आरडिटी परीक्षण गरिने बताइएको छ ।
इस्लाम धर्मालम्बीहरुको धार्मिक सभा 'इज्तिमा' भएको सप्तरीको बोदे बर्साइनमा बैशाख ७ गते नेपाली सेनाका चिकित्सक टोलीसमेतको सहभागितामा आरडिटी परीक्षण गर्न लागिएको छ । सबै जमातीहरुको सम्पर्कस्थल रहेको बोदे बर्साइन नपा-५ जाँजरमा फागुन ३ देखि ५ गतेसम्म एक लाख बढीको सहभागिता 'इज्तिमा' भएको थियो । 'इज्तिमा' का आयोजक र व्यवस्थापकहरु तथा धेरै जमातीहरु बोदे बर्साइनकै भएकाले सो ठाउँलाई समेत कडा निगरानीमा राखिएको छ । बोदे बर्साइनमा केन्द्र राखेर जमातमा जाने सबैको आरडिटी र पिसिआर गर्न लागिएको यादवले बताउनु भयो ।
'सप्तरीको वोदेबर्साइन नपा-५ जाँजरमा फागुन ३ देखि ५ गतेसम्म भएको धार्मिक सम्मेलन 'इज्तिमा' पछि धेरै सङ्ख्यामा जमातीहरु आएर बसेको रेकर्ड छैन्'-सप्तकोशी नपा-२ का वडा सदस्य जाहिर हुसेनले भन्नु भयो । सप्तकोशी नपा-१ स्थित मस्जिदमा फागुन १५ र १६ गते सङ्क्रमित १२ जना बसेर गएको प्रत्यक्षदर्शीहरुले जानकारी दिनु भयो । सप्तरी हुँदै उदयपुर पुगेका १२ जनामा कोरोना पोजेटिभ देखिएपछि राति नै मस्जिदमा पुगेर नगर प्रमुख उत्तम शर्माले जानकारी लिनु भयो ।

सप्तरीको बोदे बर्साइनको 'इज्तिमा' मा सहभागी उहाँहरु वैरवा, फत्तेपुर हुँदै उदयपुरको चौदण्डीगढी, सिवाईबाट भुल्के गएको र लकडाउनमा परेर त्रियुगा नपा-३ भुल्केको मस्जिदमा फँसेको शम्भुनाथका अनवर अलीको अनुमान छ ।

कोरोना पुष्टि भएका १२ भारतीय नागरिक बोदे बर्साइन, वैरवा र फत्तेपुरस्थित मस्जिदमा केही दिन बसेर उदयपुर प्रवेश गरेको खुलेपछि ती तीनै ठाउँका स्थानीयवासीको परीक्षण सुरु गरिएको हो आपत व्यवस्थापन केन्द्रको वैठक बसेर मस्जिद क्षेत्रको मुस्लिम टोलमा आवतजावत बन्द गर्ने निर्णय गरिएको जनाउँदै सप्तकोशी नगर प्रमुख उत्तम शर्माले आरडिटी परीक्षणले मात्र ढुक्क हुने अवस्था नभएकाले सङक्रमित व्यक्तिहरुसँग प्रत्यक्ष सम्पर्कमा आउनेहरुको पिसिआर प्रविधिबाट स्वाब परीक्षण गर्नुपर्ने माग गर्नु भयो ।

जमातीहरुको अप्रत्यक्ष सम्पर्कमा आउनेहरुको आरडिटी र प्रत्यक्ष सम्पर्कमा आउनेको पिसिआर समेत गरिने स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादवले बताउनु भयो । 'रिपोर्ट नेगेटिभ आएमा क्वारेन्टाइनमा राखिने र पोजिटिभ आएमा आइसोलेशनमा राखेर उपचार गरिने छ'-यादवले भन्नु भयो-'प्रहरीले जमातीहरुको कन्ट्याक्ट सर्भे गरिरहेको छ, ट्रेसिङ्ग र ट्र्याकिङ्ग गरेर सबै जमातीहरुको घाँटीको स्वाब लिएर पिसिआर प्रविधिबाट परीक्षण गरिने छ ।'

भारतबाट आएका सङ्क्रमितहरु सप्तरीको दक्षिण-पश्चिम रहेको बोदे बर्साइनदेखि उत्तर-पूर्व रहेको कञ्चनरुप र सप्तकोशीको मस्जिदहरुसम्म बस्दै गएको पाइएपछि धेरै जनामा सङ्क्रमण फैलिएको आशङ्काले सप्तरीवासी आतङ्कित छन् ।

सप्तरीको विभिन्न क्वारेन्टाइनमा बैशाख ६ गते दुई महिला र १ सय ४७ पुरुष रहेका छन् । बलान बिहुल गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी मल्हनियामा एक जना पुरुष थप भएकोमा निगरानी अवधि पुगेर विभिन्न नौ ओटा क्वारेन्टाइनबाट ३० जना पुरुष घर फर्किएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । कोभिड-१९ को सङ्क्रमण रोकथाम गर्ने उद्देश्यका साथ सप्तरीको १८ ओटा स्थानीय तहमा सञ्चालित ३२ ओटामध्ये १५ ओटा क्वारेन्टाइन पूर्णतया खाली भएका छन् ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** गोलबजार नगरपालिकामा रहेको क्वारेन्टाइनमा १३ पुरुष र तीन महिलाको गरी जम्मा १६ जनाको बैशाख ६ गते आरडिटी परीक्षण गरेकोमा सबैको नतिजा नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भएको छ । बैशाख २ गतेबाट आरडिट परिक्षण सुरु गरिएको हो । बैशाख ६ गतेसम्म आठ जना महिला सहित १ सय १० जनाको परीक्षण गरिएकोमा सबैको परिणाम नेगेटिभ रहेको उहाँले बताउनु भयो ।

बैशाख ६ गतेसम्म १५ जना महिला ८४ जना पुरुष गरी ९९ जना क्वारेन्टाइनमा रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेले बताउनु भएको छ । त्यसैगरी होम क्वारेन्टाइनमा १० महिलासहित १ सय ७९ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

गोलबजार नपा-१० मा बैशाख ५ गते राहत वितरण कार्यक्रम रहेको थियो । राहत वितरण कार्यक्रममा दैनिक ज्याला मजदुी गर्ने गरीब परिवारलाई वितरण नगरी आफु खुसि आफ्नो मान्छेहरुलाई वितरण गरीएको आरोप लगाउँदै स्थानीयहरुले वडा अध्यक्ष देवनारायण महतोलाई हातपात गर्न खोज्दा सामान्य झडप भएको ईलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर जनक पुरीले जानकारी दिनु भयो । स्थानीयको अबरोध पछि हाललाई राहत वितरण कार्य स्थगित गरिएको वडा अध्यक्ष महतोले जानकारी दिनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्र प्रसाद सिंहका अनुसार** प्रदेश २ मा बैशाख ६ गते दिउँसोसम्म कोरोना भाइरस शङ्कास्पद ५ सय ५१ जनाको गरिएको स्वाव परीक्षणमा ५ सय १२ जनाको रिपोर्ट निगेटिभ आएको छ । ३५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । चार जनाको रिपोर्ट यसअघि नै पोजेटिभ आइसकेको छ ।

त्यसैगरी आरडीटी किटबाट परीक्षणका लागि बैशाख ६ गतेसम्म १ हजार ८ सय २२ जनाको स्याम्पल संकलनमा १ हजार ८ सय १९ जनाको रिपोर्ट निगेटिभ आएको छ भने तीन जनाको रिपोर्ट पोजेटिभ देखाएको छ ।

हालसम्म पर्सा जिल्लाबाट सबभन्दा बढी ९ सय २३ जनाको आरडीटी परीक्षण गरिएको छ जसमध्ये पोजेटिभ अहिलेसम्म नदेखिएको स्वास्थ्य निर्देशनाालयले जनाएको छ ।

त्यसैगरी सप्तरी जिल्लाबाट २ सय ८७ जनाको गरिएको परीक्षणमा दुई जना पोजेटिभ, सर्लाहीबाट ५४ जना मध्ये एक जनाको पोजेटिभ रिपोर्ट आरडीटीमा देखाएको छ ।

सिरहाबाट १ सय १० जना, धनुषा र महोत्तरीबाट ५४-५४ जना, रौतहटबाट २ सय ७८ र बाराबाट ६२ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट निगेटिभ आएको छ ।

आरडीटी परीक्षणमा पोजेटिभ देखाइएकोहरुको पुनः स्वाव परीक्षण गरिनेछ, त्यसमा पोजेटिभ देखिएपछि मात्रै अधिकारिक पुष्टि हुने प्रादेशिक अस्पताल जनकपुर प्रयोगशालाले जनाएको छ ।

त्यसैगरी प्रदेश २ भरिका १ सय ७१ वटा क्वारेन्टाइनको बेड क्षमता ३ हजार ६ सय ९ रहेको छ । हालसम्म १ हजार २ सय ६५ जना क्वारेन्टाइनमा रहेका छन् भने १ हजार ६ सय ७७ जना होम क्वारेन्टाइनमा रहेको स्वास्थ्य निर्देशनालयका प्रमुख डा. हरिशचन्द्र यादवले जानकारी दिनु भयो ।

डा. यादवका अनुसार सप्तरीमा ५ सय ८७ बेडको ३२ वटा, सिरहामा २ सय ५८ बेडको १७, धनुषामा ३ सय ६२ बेडको १७, महोत्तरीमा ३ सय ८८ बेडको १९, सर्लाहीमा ४ सय १७ बेडको ३७, रौतहटमा ७ सय ५ बेडको १६, बारामा ४ सय ४ बेडको १७ र पर्सामा ४ सय ८८ बेडको १६ वटा क्वारेन्टाईन हालसम्म निर्माण भइसकेको छ ।

प्रदेशका आठ वटै जिल्लामा २ सय २० बेड सहितको आइसोलेशन वार्ड हालसम्म निर्माण भइसकेको छ । जसमध्ये सप्तरीमा १३, सिरहामा ४१, धनुषामा १२, महोत्तरीमा २६, सर्लाहीमा १५, रौतहटमा ३५, बारामा ४८ र पर्सामा ३० बेड सहितको आइसोलेशन वार्ड निर्माण गरिएको छ ।

ती मध्ये सिरहामा चार, धनुषामा चार, बारामा दुई र पर्सामा चार जना गरी प्रदेशभरिमा जम्मा १४ जना आइसोलेशन वार्डमा भर्ना भएको अवस्थामा रहेको निर्देशनालयका बरिष्ठ प्रशासकीय अधिकृत विजय झाले जानकारी दिनुभयो ।

जनकपुरधामको महाविरचौक स्थित सडकमा पैसा फाल्दै हिड्ने घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जना महिलालाई बैशाख ६ गते अढाई बजे जानकी नगर स्थित मदरसाको पछ्याडिबाट गिरफ्तार गरेको छ ।

दुवै जना महिलाको प्रादेशिक अस्पतालमा जनकपुरमा कोरोना भाइरस सङ्क्रमणको बारेमा लिएको स्वाव टेष्टको आरडिटी रिपोर्टमध्ये एक जनाको पोजेटिभ देखिएको अस्पताल श्रोतले जनाएको छ । उनिहरुको पिसिआर रिपोर्ट अहिलेसम्म आएको छैन ।

गिरफ्तार परेका दुबै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखेर सोधपुछ तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । सिसिटिभी फुटेजमा देखा परेको फोटोको आधारमा खोजतलास गर्दा उनीहरुलाई गिरफ्तार गरेको हो ।

जनकपुर टुडेमा कार्यरत ३० वर्षीय पत्रकार सिवेन्द्र रोहिता र ३१ वर्षीय मनोज मोरबैतामाथि अज्ञात समूहले आक्रमण गरेको छ । सहिद नगरपालिकाको क्वारेन्टाइनको रिपोर्टिङ गरि फर्किंदै गरेको बेला बैशाख ५ गते साँझ ७ बजे चोराकोयलपुरमा अज्ञात पक्षले आक्रमण गरेको पीडित पत्रकारले जानकारी दिनु भएको छ । अज्ञात समूहको आक्रमणमा परेर घाइते भएका उनीहरुको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भएको छ ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साहका अनुसार** प्रदेश २ सरकारद्वारा गठित अनुगमन समितिले प्रदेशका आठै जिल्लाको अनुगमन सुरु गरेका छन् । कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका लागि प्रदेश तथा स्थानीय सरकारले गरेका कार्यबारे प्रदेश स्तरीय सर्वदलीय अनुगमन समितिले बैशाख ६ गते देखि अनुगमन थालेका हुन् ।
अनुगमन टोलीले प्रदेश भरिका सबै जिल्लाका विभिन्न पालिकामा अनुगमन गर्नेछ । टोलीमा समाजवादी पार्टीका प्रदेश सांसद तथा प्रमुख सचेतक शैलेन्द्र यादव, राजपाका सांसद तथा प्रमुख सचेतक प्रमेश्वर साह, नेकपाका सांसद रामचन्द्र मण्डल, नेपाली कांग्रेसका सांसद तथा प्रमुख सचेतक रामसरोज यादवसहित चिकित्सक समेत सामेल छन् ।
टोलीले प्रदेशस्तर, जिल्लास्तर र स्थानीय तहमा सञ्चालित क्वारेन्टाइन, आइसोलेटेड अस्पताल, कोरोना विशेष अस्पतालहरुमा भएका काम कारवाही, राहत वितरण कार्य, नागरिकको जनजीवनमा परेको प्रभाव बारे अनुगमन गर्ने जनाइएको छ ।
अनुगमन पश्चात् प्रदेश सरकारलाई सुझाव दिइने अनुगमनको समितिका सदस्य शैलेन्द्र यादवले जानकारी दिनु भयो ।
प्रदेश २ सरकारले नेपाल भारत सीमानाकामा सिसिटिभी क्यामेरा जडान गर्ने भएको छ । लकडाउन तथा सीमानाका शिल गरिएको अवस्थामा पनि आवागमन नरोकिएपछि प्रदेश सरकारले आठै जिल्लाका विभिन्न नाकामा सिसिटिभी जडान गर्न लागेको हो ।
प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोज सिंह कुशवाहाले सो जानकारी गराउँदै भन्नु भयो,-'नेपाल भारत सीमानाकामा सिसिटिभी क्यामेरा जडान लागि करिब ५ करोड रुपियाँ खर्च हुने छ । सीमामा कडा निगरानीको लागि यो कदम उठाउन लागिएको हो ।'
भारतसँग जोडिएको खुल्ला सीमाका कारण भारतबाट राती लुकिछिपी मानिसहरु नेपाल आउने गरेको र त्यसले गर्दा कोरोना सङ्क्रमण रोकथाममा झन कठिनाई भएको भन्दै सिसिटिभी क्यामेरा अर्को विकल्पको रुपमा अघि सारिएको उहाँले बताउनु भयो ।
यस्तै, सीमानाकामा निगरानी बढाउनका लागि सुरक्षाकर्मीलाई १ सय साइकल दिने तयारीमा समेत प्रदेश सरकार जुटेको मन्त्री कुशवाहाले जानकारी दिनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साहका अनुसार** जिल्लामा हालसम्म र्‍यापिड डायग्नोस्टिक टेष्ट (आरडिटी) परीक्षण ६६ जनामा गरिएको छ । जिल्लाको विभिन्न क्वारेन्टाइनमा बसेका ६६ जना शङ्कास्पद व्यक्तिहरुको आरडिटी परीक्षण गर्दा ६५ जनाको नेगेटिभ र एक जनाको पोजेटिभ रिपोर्ट आएको छ ।
धनकौल गाउँपालिका वडा नं. ५ हरकठबा स्थित जनता माविको क्वारेन्टाइनमा रहेका एक १४ वर्षीय बालकलाई बैशाख ५ गते साँझ आरडिटी परीक्षण गर्दा पोजेटिभ रिपोर्ट देखिएको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताउनु भएको छ । आरडिटी परीक्षणमा कोरोना पोजेटिभ देखिएपनि अहिले नै सङ्क्रमित हो भन्न मिल्दैन, पिसिआर टेष्ट पश्चात मात्र कोरोना सङ्क्रमण हो वा होइन भन्न

सकिने उहाँले बताउनु भयो । बालकको स्वाब परीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको प्रमुख जिल्ला अधिकारी जिसीले जानकारी दिनु भएको छ । ती बालकसँगै क्वारेन्टाइनमा रहेका एक अर्का व्यक्तिलाई आरडिटी परीक्षण गर्दा नेगेटिभ देखिएपनि स्वाब परीक्षणका लागि जनकपुर पठाइएको जिसीले जानकारी दिनु भयो ।
कोरोना पोजेटिभ देखिएका ती बालक चैत २३ गते भारतको राजधानी दिल्लीबाट आफ्नो गाउँ धनकौल आएका थिए । भारतबाट आएको जानकारी पाएपछि ती बालक आफ्नो घर नपुग्दै क्वारेन्टाइनमा राखिएको प्रमुख जिल्ला अधिकारी जिसीले बताउनु भएको छ ।
हालसम्म जिल्लाको चन्द्रनगर गाउँपालिकामा ५०, हरिपुर नगरपालिकामा दुई, लालबन्दी नगरपालिकामा तीन, कौडेना गाउँपालिकामा पाँच र बैशाख ५ गते साँझ रामनगर गाउँपालिकामा चार, धनकौल गाउँपालिकामा दुई गरी ६६ जनाको आरडीटी परीक्षण गरिएको छ ।
आरडिटी टेष्ट किटमा रगत परिक्षण पश्चात शङ्का लागेको विरामीलाई पिसिआर टेष्ट किटमा स्वाब परीक्षण गर्दा मात्र कोरोना सङ्क्रमित विरामी पत्ता लगाउन सकिने जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीका बरिष्ठ ल्याब असिसटेन्ट बिजय चौरसीयाले बताउनु भएको छ ।
अहिले जिल्ला भरीमै मलंगवा अस्पताल र स्वास्थ्य कार्यालय सर्लाहीको ल्याब कर्मचारीहरुले आरडिटी टेष्ट मार्फत कोरोना सङ्क्रमणको परीक्षण गरिरहेका छन् ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा विभिन्न स्थानिय तहहरुले व्यवस्थापन गरेको क्वारेन्टाइनमा हालजम्मा १ सय ७१ जना रहेका छन् । हालसम्म १ सय ६२ जनाको स्वाव परीक्षण गरीएको छ । स्वाव परीक्षण गरीएका मध्ये १ सय ३१ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ३० जनाको रिपोर्ट आउँन बाँकी रहेको छ र एक जनाको रिपोर्ट पोजेटिभ आएको छ ।
त्यसैगरी २ सय ८० जनाको आरडिटी परीक्षण भएको छ । जसमध्ये २ सय जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । उनीहरुको अवस्था सामान्य रहेकोले घर फर्काइएको छ । भने ८० जनाको शङ्कास्पद रहेकोले स्वाव परीक्षण गरिएको र रिर्पोट आउन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भएको छ । हालसम्म रौतहट जिल्लामा पीपीई जम्मा ७ सय १ वटा उपलब्ध भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** जिल्लाको १७ स्थानमा क्वारेन्टाइन रहेकोमा वेड सङ्ख्या ४ सय ४ रहेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भएको छ । खड्काका अनुसार हालसम्म क्वारेन्टाइनमा १ सय ८० जना र होम क्वारेन्टाइनमा ६० जना रहेका छन् । आइसोलेसन बेड क्षमता ४८ रहेकोमा हालसम्म दुई जना रहेको उहाँले बताउनु भयो । क्वारेन्टाइनमा बसेका ७२ जनाको परीक्षण तथा उपचार पश्चात आ-आफ्नो घर पठाइएको सूचना अधिकारी खड्काले बताउनु भयो ।
जितपुर सिमरा उपमहानगरपालिका-१५ का ५० वर्षीय बिदुर खड्काले लकडाउनका कारण पशुलाई आहारको जोहो गर्न नसकेर पशु जोगाउन समस्या भएको बताउनु भएको छ । उहाँले लकडाउनका कारण दूध बिक्रीका लागि उन्नत जातका पशुपालन गर्ने किसानहरुलाई पशुको आहारको अभाव भएको बताउनु भयो । दुध खपत र बिक्री कम भएपछि पशुलाई चाहिने दाना, औषधिसमेत अभाव भएको उहाँले बताउनु भयो । जितपुर सिमराको डुमरवाना, औराह, महेन्द्रनगर र पिलुवा लगायतका दर्जनौं गाउँका सयौं युवा किसानहरु मारमा परेका छन् ।

सहकारी, साना किसान जस्ता वित्तीय संस्थाको किस्ता, ब्याज र कर्जा लिएका र विदेशबाट फर्केका युवाहरुले केही महिनाअघि थालेको व्यावसायिक पशुपालन धरापमा परेको उहाँले बताउनु भयो । नागरिकका समस्यालाई समाधान गर्न जितपुर सिमरा उपमहानगरपालिकाले कार्य योजना सर्वजनिक गर्ने नगर प्रमुख कृष्ण पौडेलले बताउनु भयो ।

सुवर्ण गाउँपालिका-२ मा लकडाउन प्रभावित ७ सय ५० घरपरिवारलाई ५ हजार ५ सय मास्क र २ हजार ७ सय ५० साबुन वितरण गरेको वडा अध्यक्ष रंजित यादवले बताउनु भएको छ । राहत वितरण गर्न वडा सचिव ओमप्रकाश साह, वडा सदस्य र स्थानीय समाजसेवीले सहयोग गरेको उहाँले बताउनु भयो ।

लकडाउनका कारण जिवनयापन गर्न समस्या भएपछि धादिङबाट आएका १ सय १ जना अलपत्र यात्रुहरुलाई खानाको व्यवस्था गरी उनीहरुको घर पुऱ्याउने व्यवस्था जितपुर सिमरा उपमहानगरपालिका-२१ अम्लेखगञ्जका वडा अध्यक्ष कृष्ण ठकुरीले गर्नु भएको छ ।

अलपत्र यात्रुलाई बैशाख ५ गते साँझ ६ बजे चित्लाङ्गमा थाहा नगरपालिकाले रातिको बास बस्ने र खाने व्यवस्था गरी बैशाख ६ गते दिउँसो जितपुरसिमरा उपमहानगरपालिका-२१ अम्लेखगञ्जमा ल्याएकर छाडेको थियो । ईलाका प्रहरी कार्यालय सिमरामाका डिएसपी गौतम पुरीसँग सहकार्य गरी बारा, रौतहट, सप्तरी, सिन्धुली र सर्लाहीका अलपत्र यात्रुहरुलाई यातायातको व्यवस्था गरी आ-आफ्नो जिल्लामा पुऱ्याएको वडा अध्यक्षले बताउनु भयो ।

साहिब दरबार सेवा संस्थान र समर्पण सेवा संस्थाको सहयोगमा बैशाख ६ गते जिल्ला प्रहरी कार्यालयको मुल गेटमा सेनिटाईजिङ बुथ स्थापना गरिएको एसपी कृष्ण पंगेनीले बताउनु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** बीरगंज महानगरपालिकाले सुबिधा सम्पन्न कोभिड १९ अस्पताल संचालनमा ल्याउन बैशाख ६ गते बीरगंजको गण्डक अस्पतालसँग सम्झौता गरेको छ । बीरगंज महनगरपालिकाका प्रमुख बिजय कुमार सरावगी र नेकपा महानगर कमिटीका अध्यक्ष एवं गण्डक अस्पतालका संचालक रहवर अन्सारीलाई साक्षी राखेर सम्झौता पत्रमा हस्ताक्षर भएको छ । महानगरको तर्फबाट निमित्त प्रशासकीय अधिकत अरुण कुमार महतो र अस्पतालको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मातुवा अन्सारीले हस्ताक्षर गर्नु भएको छ ।

सम्झौताको अबधि तीन महिनाको रहने उल्लेख छ ।  समझौतामा दोश्रो पक्ष रहेको गण्डक अस्पतालले अस्पताल उपलब्ध गराए बापतको कुनै शुल्क नलिने सम्झौतामा उल्लेख छ। अस्पतालले आफूसँग रहेको भवन, उपकरण लगायतका सबै कुराहरु उपलब्ध गराउने छ । तर, अस्पतालले तिर्नु पर्ने बिजुली पानी, उपकरणको मर्मत सम्भार जेनरेटर तथा खाना खर्चमा लाग्ने रकम भने समझौतामा पहिलो पक्ष भनिएको बीरगंज महानगरले भूक्तानी गर्ने छ । महानगरले सूचना गरेको २४ घण्टा भित्रमा अस्पताल उपलब्ध गराउनु पर्ने समझौतमा उल्लेख छ । कोभिड अस्पताललाई आवश्यक पर्ने जनशक्तिको व्यवस्था नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्टकोको संयोजकत्वमा गठन भएको समितिको निर्देशन अनुसार हुने उल्लेख छ । कोभिड १९ अस्पतालमा खटिने सम्पूर्ण जनशक्तिको तलब भत्ता, इन्सुरेन्स क्षतीपूर्ती नेपाल सरकारको नियमानुसार बीरगंज महानगरले ब्यहोर्ने सम्झौतामा उल्लेख छ । अस्पतालमा खटिने जनशक्तिको खाना, क्वारेन्टाइन तथा यातायातको ब्यवस्था र अस्पतालमा हुने टेष्टहरु, स्वास्थ्य कर्मचारीका लागि अवश्यक स्वास्थ्य सुरक्षा उपकरणहरु सबैको ब्यवस्थापन बीरगंज महानगरपालिकाले गर्ने छ ।

अस्पतालमा उपकरण अभाव भएमा अस्पतालसँगको समन्वयमा महानगरले त्यस्तो उपकरणको आपूर्ती गर्ने छ । अस्पतालले बिरामीसँग कुनै शुल्क लिन पाउने छैन । अन्य विषयमा दुबै पक्षको सहमतीमा निर्णय लिन सकिन प्रबन्ध राखेर सम्झौता सम्पन्न भएको छ ।
पर्सागढी नपा-९ का वडा अध्यक्ष रामनारायण प्रसाद गौरोले आफ्नो वाडामा नगरपालिकाले पठाएको राहत सामग्री फिर्ता पठाईदिनु भएको छ । नगर प्रमुख लोकनारायण यादबले राहत बितरणमा विभेद गरेको भन्दै राहत फिर्ता गरेको उहाँले बताउनु भयो ।
वडा अध्यक्ष गौरोले नगरपालिका बोर्डबाट पास भएको राहत खाद्यान्नको परिमाण अनुसारको राहत सामग्री नपाठाएकोले फिर्ता गरिदिएको उहाँले बताउनु भयो । नगरपालिकाको बोर्ड बैठकले अति बिपन्न परिवारको लागि २० किलो चामल, दुई किलो दाल, दुई किलो नुन, एक किलो तेल र चार वटा साबुन बितरण गर्ने निर्णय गरेको थियो । तर, राहत बितरण गर्ने बेलामा आफ्नो वडामा १ सय ८१ बोरा चामल मात्र पठाइएकोले फिर्ता गर्नु परेको उहाँले जानकारी दिनु भयो ।
मेयरले नेपाली कांग्रेसले जीतेका वडामा बोर्डले पास गरे अनुसारको राहत सामग्री पठाएको र आफ्नो वडामा विभेद गरेको उहाँको आरोप छ । नगरपालिका प्रमुख यादवले भने राहतमा विभेद नभएको बतानउनु भयो । नगरपालिका प्रमुख प्रशासकीय अधिकृत शालिकराम ढकालले समस्या उत्पन्न वडामा ५ बजेसम्म बोड बैठकबाट निर्णय भए अनुसारको खाद्यान्न राहत नगरपालिकाबाट पठाइने बताउनु भयो ।
यसैगरी बैशाख ५ गते पर्सागढी नपा-३ का वडा अध्यक्ष उद्धव उप्रेतीले पनि नगरपालिकाले पठाएको खाद्यान्न नगरपालिकामै फिर्ता पढाइदिएको उप्रतीले जानकारी दिनु भयो ।
राहत सामग्री लुटने पाँच जनालाई ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौली र एकटाङ्गाको प्रहरी टोलीले गिरफ्तार गरेको छ । पर्सागढी नगरपालिकामा विपन्न दैनिक ज्याला गरेर जीवन यापन गर्ने नागरिकलाई बितरण गर्नका लागि लैजादै गर्दा राहत सामग्री लुटिएको हो । राहत सामग्री लुटने घटनामा संलग्न पर्सागढी नपा-५ का २८ वर्षीय श्याम कुमार शर्मा, १८ वर्षीय सम्सुल हवारी, २२ वर्षीय चन्द्रकिशोर साह, ४० वर्षीय चन्द्रिका पटेल र ५५ वर्षीय दर्शन रायभारलाई प्रहरीले गिरफ्तार गरेको छ । पर्सागढि नपा-६ चैनपुरको लागि नगरपालिकाको ट्र्याक्टरले लैजादैं गरेको दाल, तेल, नुन र साबुन लगायतको करिब एक सय पोका सामग्री लुटिएको हो ।
गिरफ्तार परेका सबैलाई जिल्ला प्रहरी कार्यालय, पर्सा ल्याइएको छ । नियन्त्रण लिइएका सबैमाथि थप कारवाही प्रक्रिया अघि बढेको जिल्ला प्रहरी कार्यालय पर्सा एसपी गंगा पन्तले बताउनु भयो ।
पर्सागढी नपा-५ कै पँचरुखी स्कुलमा सो वडाका लागि राहत वितरण भइरहको बेला त्यहाँका असन्तुष्ट स्थानीयले राहत सामग्री लुटेका छन् । पर्सागढीको वडा नं. ५ पचरुखीमा वडा अध्यक्षले राहत वितरणमा विभेद गरेको भन्दै केही स्थानीय असन्तुष्ट रहेका छन् ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**